# समावेशी ग्रामीण विकास परियोजना नवलपरासी

# दुग्ध सकंलन सामग्री खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आह्वान

# Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्राविधिक सहयोगमा सहमति संस्थाद्वारा सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व र पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९,सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९) मा कृषकहरुको आयश्रोत बृद्धि गरी जीवनस्तर सुधार ल्याउनका निम्ति समावेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्वारा पहलगरिएको परियोजनाहरु संचालन भईरहेको छ। स्थानियद्धारा पहलगरिएका परियोजनाहरु मूख्यतया चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन्।

दुग्ध मूल्य श्रृखला परियोजना अर्न्तगत परियोजना सञ्चालित कार्यक्षेत्र (सुस्ता गा.पा-२ र ३, सुनवल न.पा-५, मध्यविन्दु न.पा ७, ८ र ९) मा दुग्ध सकंलन तथा प्रशोधन सामग्री तथा औजारहरु खरिद गरि सम्बन्धित पालिकामा रहेका संकलन केन्द्र तथा सहकारी संस्थाहरुलाई सहयोग गर्ने लक्ष्य रहेकोले नेपालमै उत्पादित तथा अन्य मूलुकमा उत्पादित नेपालमा सप्लाईको आधिकारीक डिलरसीप तथा सप्लाई गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्न शर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ।
२. अनुसूची १मा भएका दुग्ध संकलन तथा प्रशोधन सामग्रीहरुको गुणस्तर, उपयोगिता र टिकाउँ सम्बन्धी विस्तृत विवरण, बिक्रि पछिको सेवा तथा सुविधाहरु खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्ने छ।
३. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्र सम्म सामग्रीहरुको ढुवानी सेवा दिनु को साथै जडान र संचालन सम्बन्धि प्राबिधि ज्ञान सहकारीहरुलाई अभिमुखिकरण गर्नु पर्नेछ।
४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र बोलपत्र पेश गर्नु पर्ने छ। म्याद नाघी वा रीत नपुगी दाखिला भएका बोलपत्र उपर कुनै कार्वाही हुने छैन।
५. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्रदर्ता गर्न सकिनेछ।
६. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन। कथमकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ। कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेता सँग वार्षिक सम्झौता गरिनेछ ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूचीमा उपलब्ध फारम नमूना अनुसार)

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्यअभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

ङ. आधिकारीक डिलर सिप लिएको प्रमाण पत्रको प्रतिलिपि

११ अनुमानित आवश्यक सामग्रीहरु र परिमाण

| S.N. | Name of Machinery | Unit | Number | Remarks |
|---|---|---|---|---|
| 1 | Milking chilling Vat 500 liter Capacity | No | 1 | |
| 2 | Milking chilling Vat 1000 liter Capacity | No | 2 | |
| 3 | Diesel Generator 30 KVA/ 24 KW Capacity | No | 4 | |
| 4 | Diesel Generator 25 KVA/ 20 KW Capacity | No | 1 | |
| 5 | Measuring 100ml liter (दुध नाप्ने प्रयोग हुने लिटर) | No | 20 | |
| 6 | Measuring 200ml liter (दुध नाप्ने प्रयोग हुने लिटर) | No | 20 | |
| 7 | Measuring 500ml liter (दुध नाप्ने प्रयोग हुने लिटर) | No | 20 | |
| 8 | Measuring 1000ml liter (दुध नाप्ने प्रयोग हुने लिटर) | No | 20 | |
| 9 | दूध छान्ने जाली | | | |

**नोट :** माथि उल्लेखित यन्त्रको संख्या आवश्यकता अनुसार थपघट हुन सक्ने छ । साथै दर रेट पेश गर्दा यन्त्रको क्याट लग वा फोटो उपलब्ध गराउनु पर्ने छ ।

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **"दुग्ध सामग्री"** लेखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात् २०७७/०९/०३ गते (18th Dec. 2020) ) बेलुका ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, वर्दघाट न.पा. वडा नं. ४ शिवालय टोल , नवलपरासी वा सहमति केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

अनुसूची १

दुग्ध संकलन तथा प्रशोधन सामग्रीको विवरण

| क्र.स. | विवरण | ईकाई | विशिष्टता, ब्रान्ड, मोडेल नं., अपरेटिङ्ग प्रणाली, बिक्रि पछिको सेवा र वारेन्टी, ग्यारेन्टी उल्लेख गर्नुहोस | इकाई दर भ्याट सहित (रुपैयामा) | इकाई दर अक्षरमा (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **Milking chilling Vat 500 liter Capacity**<br>Elliptical / Rectangular shape, Fabricated inside sheel from AISI304 of 2mm thick and outside sheel AISI304 of 1.5 mm thick stainless steel. Open type and adjustable legs are made with ss, 51mm outlet butter fly valve and NS /ISO Certified. Compressor 2 nos suitable capacity.<br>Brand;<br>Country of Origin& NS/IS:<br>Material :<br>Model Name/ Number : | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| २ | **Milking chilling Vat 1000 liter Capacity**<br>Elliptical / Rectangular shape, Fabricated inside sheel from AISI304 of 2mm thick and outside sheel AISI304 of 1.5 mm thick stainless steel. Open type and adjustable legs are made with ss, 51mm outlet butter fly valve and NS /ISO Certified. Compressor 2 nos suitable capacity.<br>Brand;<br>Country of Origin& NS/IS:<br>Material :<br>Model Name/ Number : | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| ३ | **Diesel Generator 30 KVA/ 24 KW Capacity**<br>Brand :<br>Voltage : 230/415V<br>Genset Model :<br>Frequency ; 50Hz<br>Rated speed : 1500rpm<br>Noise Level : less than 75%<br>Fuel tank capacity : | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | **Diesel Generator 25 KVA/ 20KW Capacity**<br>Brand :<br>Voltage : 215/415V<br>Genset Model :<br>Frequency ; 50Hz<br>Rated speed : 1500rpm<br>Noise Level : less than 75%<br>Fuel tank capacity : | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| ५ | 100ml liter दुध नाप्ने प्रयोग हुने लिटर | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| ६ | 200ml liter दुध नाप्ने प्रयोग हुने लिटर | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| ७ | 500ml liter दुध नाप्ने प्रयोग हुने लिटर | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| ८ | 1000ml liter दुध नाप्ने प्रयोग हुने लिटर | १ वटा | | | | क्याटलग अनिवार्य पेश गर्नुहोला |
| ९ | दुध छान्ने जाली | १ वटा | | | | |

नाम :　　　　हस्ताक्षर :　　　　छाप :　　　　मिति :